# राहदानी ऐन, २०२४

**प्रमाणीकरण र प्रकाशित मिति**

२०२४।६।११

**संशोधनः**

⇒१. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन (संशोधन) गर्ने ऐन, २०६६ २०६६।१०।७

**२०२४ सालको ऐन नं. २१**

**राहदानी सम्बन्धी व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना** : विदेश यात्रामा जाने नेपाली नागरिकलाई जारी गरिने राहदानीका सम्बन्धमा व्यवस्था गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई जारी गरिबक्सेकोछ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम "राहदानी ऐन, २०२४" रहेकोछ ।

(२) यो ऐन नेपालभर लागू हुनेछ र जहाँसुकै रहे बसेको भए तापनि नेपाली नागरिकहरूलाई लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : यस ऐनमा "राहदानी" भन्नाले विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई त्यस्तो भ्रमण गर्न अनुमति प्रदान गरी त्यस्तो भ्रमणमा जाने देशहरू तथा समय तोकी नेपाल सरकारबाट दिइने लिखत सम्झनुपर्छ ।

---

⇒ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको, प्रशस्ती र अधिराज्य शब्द झिकिएको ।



नेपाल कानून आयोग

३. **राहदानी लिनुपर्ने** : विदेशयात्रामा जाँदा नेपाली नागरिकले आफ्नो नाममा जारी भई बहाल रहेको राहदानी लिएर मात्र जान सक्नेछ ।

तर नेपाल सरकार र कुनै विदेशी सरकारको बीच भएको सन्धि सम्झौता अनुसार कुनै देशमा जान नेपाली नागरिकलाई राहदानी लिनु नपर्ने व्यवस्था भएमा त्यस्तो देशको भ्रमण निमित्त राहदानी लिनुपर्ने छैन ।

४. **राहदानी जारी गर्ने अधिकार** : नेपाल सरकारले वा नेपाल सरकारको तर्फबाट अधिकार प्राप्त भएका विदेशस्थित ✂..नेपाली राजदूतावास वा अन्य नियोगले मात्र राहदानी जारी गर्न सक्नेछ ।

तर-

(१) राहदानी जारी गर्ने अधिकारीले कुनै कारण देखाई वा नदेखाई कुनै व्यक्तिलाई राहदानी दिन अस्वीकार गर्न सक्नेछ,

(२) नेपाल सरकारले कुनै कारण देखाई वा नदेखाई कुनै समय पनि जारी भइसकेको राहदानीलाई खिच्न वा रद्द गर्न सक्नेछ, र

(३) राहदानी बमोजिम विदेश भ्रमण गरिरहेका व्यक्ति जहाँसुकै नै रहे बसेको भए तापनि तत्सम्बन्धमा नेपाल सरकारले दिएको आदेश वा निर्देश पालन गर्नु निजको कर्तव्य हुनेछ ।

५. **दण्ड सजाय** : कसैले झुट्टा बयान वा विवरण दिई राहदानी प्राप्त गरेमा वा प्राप्त गर्न प्रयत्न गरेमा वा दफा ३ को विपरीत विदेशको भ्रमण गरेमा वा गर्ने प्रयत्न गरेमा वा नेपाल सरकारले दिएको आदेश वा निर्देशनको पालन नगरेमा वा जुन उद्देश्यको लागि राहदानी जारी गरिएको हो सो बाहेक अन्य उद्देश्यको लागि राहदानीको प्रयोग गरेमा वा आफ्नो नाउँको राहदानी अरूलाई प्रयोग गर्न दिएमा वा अर्काको नाउँको राहदानी प्रयोग गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बर्खिलाप अन्य कुनै काम कारवाही गरेमा निजलाई एक वर्षसम्म कैद वा पाँचसय रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ ।

---

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन (संशोधन) गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



नेपाल कानून आयोग

६. **नेपाल सरकार वादी हुने** : (१) दफा ५ अन्तर्गत दण्ड सजाय हुने कसूरको अभियोगमा चलाइने मुद्दा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा अदालतमा घटीमा इन्स्पेक्टर दर्जाको प्रहरीबाट दायर हुनेछ ।

(२) कसैले दफा ५ अन्तर्गत सजाय हुने अपराध गरेको छ वा गर्ने उद्योग गरेको छ भन्ने शंका गर्नुपर्ने मनासिब माफिकको कारण भएमा जुनसुकै प्रहरीले त्यस्ता व्यक्तिलाई विना वारेण्ट गिरफ्तार गरी कारवाहीका लागि आफ्नो अधिकारीमा घटीमा इन्स्पेक्टर दर्जाको प्रहरी समक्ष पेश गर्नेछ ।

७. **नियम बनाउने अधिकार** : (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी ती नियमहरूमा खास गरेर देहायका विषयमा व्यवस्था गर्न सकिनेछः-

(क) विभिन्न कामको लागि जारी गरिने राहदानीको वर्गीकरण तथा राहदानी सम्बन्धी शर्तहरू,

(ख) राहदानी वापत लाग्ने दस्तुर,

(ग) राहदानीको नवीकरण र तत्सम्बन्धी दस्तुर,

(घ) अन्य आवश्यक कुराहरू ।

नेपाल कानून आयोग

---

**द्रष्टव्यः-** केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ ले देहायको शब्दको सट्टा देहायको शब्द राखी रूपान्तरण गरेको छ :
"श्री ५ को सरकार" भन्ने शब्दको सट्टा "नेपाल सरकार" ।